# सुस्ता गाउँपालिका
## SUSTA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal Executive

कुडिया, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम), लुम्बिनी प्रदेश, नेपाल
Kudiya, Nawalparasi (Bardaghat, Susta Paschim), Lumbini Province, Nepal

फोन: ०७८-५०६००२
०७८-५०६००६


प.स.०८०/०८१
च.नं.

मिति:२०८१/०२/०१

**नीति तथा कार्यक्रमका लागि सुझाव पेश गर्ने सम्बन्धमा।**

(प्रकाशन मितिः २०८१/०२/०१)

सुस्ता गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र वजेट निर्माण गर्ने प्रारम्भिक कार्य सुरु भएकाले नीति तथा कार्यक्रम र वजेटमा समावेश गरिनुपर्ने विषयमा सुस्ता गाउँपालिकाको सापेक्षतामा सान्दर्भिक हुने आफ्ना अमूल्य सुझावहरु मिति २०८१ जेष्ठ १६ गतेसम्म कार्यालय समय भित्रमा e-mail ठेगाना sustagaunpalika@gmail.com वा लिखित Hard copy पालिकाको योजना अनुगमन तथा प्रशासन शाखामा उपलब्ध गराई सहयोग गर्नुहुन सवै राजनितिक दल, संघसंस्था, समाजसेवी,बुद्धिजिवी, विज्ञ, व्यवसायी, पेसाकर्मी, शिक्षक, कर्मचारी, पत्रकार तथा आम नागरिकहरुमा अनुरोध छ।

सुझाव समावेश गर्न सकिने विषय क्षेत्रहरुः

१. आर्थिक विकास सम्बन्धीः कृषि उत्पादन, व्यवस्थापन र बजारीकरण, पशु स्वास्थ्य, उद्योग तथा वाणिज्यको विकास र विस्तार, पर्यटन, वित्तीय क्षेत्र र सहकारी,

२. सामाजिक विकास सम्बन्धीः प्राथमिक,आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, खानेपानी स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन, खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्ग,

३. पूर्वाधार विकासः स्थानीय सडक र यातायात व्यवस्थापन, पुल, सिंचाइ, सहरी पूर्वाधार र वस्ती विकास, उर्जा, विद्युत र सञ्चारको विकास,

४. वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भू-संरक्षण, वातावरण संरक्षण र जलवायु परिवर्तन, फोहरमैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप, विपद् व्यवस्थापन,

५. संस्थागत विकास, सेवा प्रवाह, र सुशासनः गाउँपालिका तथा वडा कार्यालयबाट हुने नियमित सेवा प्रवाह, सूचना प्रविधिको उपयोग, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा भत्ता, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन र अध्ययन अनुसन्धान,

६. आवधिक योजना, रणनीतिक योजनाको निर्माण,

७. राजश्व वृद्धि, स्थानीय स्रोतको परिचालन र जनसहभागिताको अभिवृद्धि,

८. सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलानात्मक रुपमा विकासको मूल प्रवाहमा पछाडि पारिएका वर्ग वा समूहको उत्थान तथा मूलप्रवाहीकरण,

९. अन्य ।

हेमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत